वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

○वर्ष ८ ○अंक १६४ ○श्रेणी 'क' ○२०७२ चैत्र ६ गते शनिबार ○ 19 March 2016 ○पृष्ठ ६ ○मूल्य रू. ५/-

मधेश समस्यामा पहलकदमी गर्दै कांग्रेस

चैत्र २२ भित्र संसदीय दल र ६ महिनाभित्र भातृ संस्थाको निर्वाचन

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ५ चैत्र ।

प्रमुख पतिपक्षी नेपाली कांग्रेसको शुक्रवार बसेको बैठकले मधेसको समस्या समाधान गरी संविधान कार्यान्वयनका लागि सबै दलसँग वार्ताअघि बढाउने भएको छ । शेरबहादुर देउवाको नेतृत्वमा नवनिर्वाचित केन्द्रीय समितिको शुक्रवार बसेको पहिलो बैठकले मधेस समस्यको सम्बोधन र संविधान कार्यान्वयनमा जोड दिएको छ । पार्टी कार्यालय सानेपामा भएको बैठकले सरकारले मंहगी र कालोबजारी नियन्त्रण गर्न नसकेको साथै भूकम्प पीडितलाई राहत, पुनःस्थापना र पुर्नानिर्माणमा उदासिनता देखाएकोमा आलोचना गरेको छ । त्यस विषयमा सरकारको ध्यानाकर्षण गराउने बैठकले निर्णय गरेको केन्द्रीय सदस्य गोविन्द भट्टराईले जानकारी दिए । त्यस्तै, बैठकले पार्टी संसदीय दलको निर्वाचन सम्पन्न गर्न रमेश रिजालको संयोजकत्वमा सुरेन्द्र पाण्डे र गुरु घिमिरे सदस्य रहेको समिति गठन गरेको छ । समितिले निर्वाचनको तिथि र कार्यतालिका न्याउने छ । लामो समयदेखि हुन नसकेका भातृ संस्थाहरुको अधिवेशन ६ महिना भित्र सक्ने समेत निर्णय गरेको छ । चैत्र २६ गते जनआन्दोलन दिवस मनाउने र स्थानमारका नवनिर्वाचित राष्ट्रपतिलाई धेबाई दिने निर्णय गरिएको भट्टराईले बताए । १३ औं महाधिवेशन सफलता पूर्वक सम्पन्न गर्न योगदा पुऱ्याएको निवर्तमान कार्यसमिति, महाधिवेशन सम्पन्न गर्न गठित सबै समिति, देशभरको निर्वाचन कार्यमा खटिएका कानुन व्यवसायी, शिक्षक, सुरक्षा निकाय सबैलाई बैठकले धन्यवाद समेत दिएको छ ।

यसैबीच नेपाली कांग्रेसको १३औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको पहिलो बैठकले संसदीय दलको नेता चयनका लागि तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने निर्णय गरेको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा शुक्रवार बसेको बैठकले संसदीय दलको नेता चयनका लागि केन्द्रीय सदस्य रमेश रिजालको संयोजकत्वमा केन्द्रीय सदस्यद्वय सुरेन्द्रराज पाण्डे र गुरुराज घिमिरे रहेको समिति गठन गरेको हो । बैठकले नेपाल विद्यार्थी सङ्घ (विसंघ) लगायत सम्पूर्ण भातृ संस्थाको अधिवेशन छ महिनाभित्र सम्पन्न गर्ने निर्णय गरेको केन्द्रीय सदस्य दिलेन्द्रप्रसाद बडूल सञ्चारकर्मीलाई जानकारी दिए ।

'केन्द्रीय समितिको पहिलो बैठकले संसदीय दलको नेता चयनका लागि तीन सदस्यीय समिति गठन गरेको छ, त्यस्तै भातृ संस्थाको आगामी छ महिनाभित्र निश्चित कार्य तालिकासहित महाधिवेशन सम्पन्न गर्ने र त्यसमा पहिलो चरणमा तेवेसघको प्रक्रिया अघि बढाउन निर्णय भएको छ'- उनले भने ।

कास्की कांग्रेसमा ५ सदस्य मनोनित

नेपाली काङ्ग्रेस कास्कीमा पाँच जना सदस्य मनोनित भएका छन्। कास्की सभापति कृष्ण के सीले आफूमा निहित अधिकारको प्रयोग गरी समावेशीमा आधारित भएर सदस्य मनोनित गरेको जिल्ला सदस्य नवीन सिग्देलले जानकारी दिए। मनोनित हुनेमा कास्की क्षेत्र न १ बाट ओम बस्नेत, २ बाट नवीन सापकोटा, ३ बाट प्रेम पोस्यार, ४ बाट युवराज कुँवर र भोजबहादुर गुरुङ छन्। सभापतिले विद्यानत् प्रत्यक क्षेत्रबाट दुई दुई जना सदस्य मनोनित गर्न पाउने व्यवस्था रहेको छ। अझै तीन जना सदस्य मनोनित गर्न बाकी छ। बाकी तीनमध्य अल्पसंख्यक मुस्लिम, पिछडा वाट एक जना अनिवार्य रुपमा मनोनित गर्नुपर्ने छ। यसैबीच, कास्की काङ्ग्रेसको बैठक शुक्रवार बसेको छ बैठकले गाउँ र बडा इकाईलाई पूर्णता दिन निर्देशन दिएको छ। बैठक कास्की काङ्ग्रेसका सभापति कृष्ण के सीको अध्यक्षतामा बसेको थियो।

कृषि क्षेत्रलाई उद्योगको रुपमा स्थापित गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ चैत्र ।

उपराष्ट्रपति नन्द बहादुर पुनले कृषि क्षेत्रलाई उद्योगको रुपमा स्थापित गर्नुपर्नेमा जोड दिएका छन् । संविधान निर्माण पछि मुलुक आर्थिक संवृद्धिको दिशामा अगाडि बढिरहेको सन्दर्भमा कृषि क्षेत्रलाई उद्योगको रुपमा अगाडि बढाउन सके मुलुकले फड्को मार्ने उनले बताए । पोखरामा शुक्रबारदेखि शुरु भएको राष्ट्रिय पोर्क महोत्सवको उद्घाटन गर्दै उपराष्ट्रपति पुनले कृषि र पशुपालनलाई उद्योगको रुपमा विकास गर्नतर्फ सरकार अग्रसर हुनुपर्नेमा जोड दिएका हुन् । युवाहरु कृषि पेशामा लालायित भईरहेको सन्दर्भमा सरकारले युवाहरुलाई लक्षित गरेर विभिन्न कार्यक्रम अघि बढाइहेको भएतापनि सहलियत दरमा कर्जा संस्थाको अधिवेशन छ महिनाभित्र सम्पन्न गर्ने निर्णय गरेको केन्द्रीय सदस्य दिलेन्द्रप्रसाद बडूल उनले बताए । को भनाइ रहेको थियो ।

कार्यक्रममा पशुपंक्षी विकास मन्त्री शान्ता मानवीले पशुपालक किसानका लागि उचित अनुदान सहित सरकारी राहत प्रदान गर्न तयार रहेको बताइन । कार्यक्रममा बोल्ने अन्य वक्ताहरुले बंगुर पालनलाई व्यवसायीकरण गर्न सके यसबाट आत्मानिर्भर हुन सकिनेमा जोड दिएका थिए ।

बंगुर व्यवसायी संघ कास्कीका अध्यक्ष छयाम थापाको सभापतित्वमा सम्पन्न समारोहमा सांसदहरु रविन्द्र अधिकारी र शारदा पौडेल, बंगुर व्यवसायी संघ कास्कीका सल्लाहकार तथा पूर्व सभासद कृष्णबहादुर गुरुङ लगायतले आ आफ्नो भनाइ राखेका थिए ।

उक्त अवसरमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार-२०७२ बाट सम्मानित कास्कीको रिठेपानीमा रहेको नेपालकै एकमात्र ठूलो बंगुर फार्म पोखरा लाइभस्टक प्रा.लि.की चिनारी रहेको वृत्तचित्र पोरुखी पाइलाको उपराष्ट्रपति नन्द बहादुर पुनले विमोचन समेत गरेका थिए । चैत्र ७ गतेसम्म सञ्चालन हुने महोत्सवमा बंगुरको मासुबाट बन्ने विभिन्न परिकारहरु बंगुरको म:म:, चाउमिन, सैकुवा, समेज, अचार विभिन्न विदेशी परिकारहरु चाइनिज र कोरियन परिकारहरुको स्वाद महोत्सवमा आउने दर्शकहरुले लिन पाउनेछन भने महोत्सवको प्रवेश टिकटमा दर्शकहरुले टिकट बराबरको कुपैनि पोर्क आइटमको स्वाद लिन पाउने छन ।

कास्की जिविस समन्वय समितिमा नयाँ नियुक्ति

आदिवासी जनजातिको उपाध्यक्षमा शाक्य

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ चैत्र ।

जिल्ला विकास समिति अन्तर्गत रहने आदिवासी जनजाति, महिला, दलित र अपाङ्गहरुको समन्वय समितिमा स्थानीय विकास मन्त्रालयले नयाँ नियुक्ति गरेको छ । यसअघि नेपाली कांग्रेसका सभापति सुशिल कोइरालाको नेतृत्वमा रहेको सरकारका बेला स्थानीय विकास मन्त्रालयले गरेको नियुक्तिलाई खारेज गर्दै अहिले स्थानीय विकास मन्त्रालयमार्फत नै नयाँ नियुक्ति गरिएको हो । हाल रापपा नेपालका अध्यक्ष कमल थापाले स्थानीय विकास मन्त्रालयको जिम्मेवारी सम्हालेको कारण नयाँ नियुक्ति पाउनेहरु रापपा नेपालका कार्यकर्ताहरु रहेका छन् । नयाँ नियुक्तिमा पनैरु मर्दे आदिवासी जनजाति जिल्ला समन्वय समिति कास्कीको उपाध्यक्षमा पोखरा-१ हाल पोखरा-२ का मोतिमान शाक्य रहेका छन् । उनी रापपा नेपालको कास्की जिल्ला सदस्य हुन् ।

मोतिमान शाक्य

यसअघि पोखरा उप-महानगरपालिका र तत्कालिन नगर पञ्चायतमा निर्वाचित तथा मनोनित गरि ४ पटकसम्म पोखरा-१ को वडाध्यक्ष भएर काम गरेका शाक्य रापपा विभाजन नहुँदा पाटीको क्षेत्रीय अध्यक्ष समेत रहेर काम गरेका थिए । सामाजिक क्षेत्र र खेलकूदमा समेत संच रहने ७० वर्षीय उनी कास्की जिल्ला फुटवल संघका पूर्व अध्यक्ष समेत हुन् ।

सदधर्मसभा धर्मसंघ बुद्धविहार मोहरिया टोलको पूर्व अध्यक्ष रहेका शाक्य धार्मिक क्षेत्रमा पनि क्रियाशिल छन् । नयाँ नियुक्तिमा महिला समन्वय समितिको उपाध्यक्षमा पोखरा-५ की सुशिला बान्ने, दलित समन्वय समितिको उपाध्यक्षमा पोखरा-१८ का बदी परियार र अपाङ्ग समन्वय समितिको उपाध्यक्षमा सन्तबहादुर परियार रहेका छन् । सुशिला र बदी दुवै जना रापपा नेपालकै जिल्ला सदस्य हुन् भने सन्तबहादुर दृष्टिविहीन हुन् ।

यसअघि कार्यरत सरकारको पालामा आदिवासी जनजाति समन्वय समितिमा अशोक भट्टचन, महिला समन्वय समितिमा तारा अधिकारी, दलित समन्वय समितिमा दुर्गाबहादुर सुनार र अपाङ्ग समन्वय समितिमा प्रेमबहादुर परियार नियुक्त भइ काम गर्दै आएका थिए ।

पत्रकारको तलब १९ हजार बढी !

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ५ चैत्र ।

सरकारले आगामी वैशाख १ देखि लागु हुने गरी पत्रकारको न्यूनतम मासिक तलब १९ हजार ५ सय रुपैयाँ कायम गर्ने भएको छ । न्यूनतम पारिश्रमिक निर्धारण पत्रकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्न लागेको हो । सूचना तथा सञ्चारमन्त्री शेरधन राईले शुक्रवार मन्त्रालयमा सञ्चार सम्बन्धी संघसंस्थाका प्रतिनिधिसित को छलफलपछि समितिको सिफारिसअनुसार पत्रकारको न्यूनतम पारिश्रमिक मासिक १९ हजार ५ सय र सञ्चार खर्च १ हजार रुपैयाँ वैशाख १ देखि लागू हुने गरी मन्त्रिपरिषदमा प्रस्ताव लैजान लागिएको जानकारी दिए । पारिश्रमिक निर्धारण समितिले पत्रकारको न्यूनतम पारिश्रमिक १० हजार ८ बाट बढाएर १९ हजार ५ सय र सञ्चार खर्च मासिक १ हजार कायम गर्न सिफारिस गरेको हो ।

मन्त्रिपरिषदको बैठक, विभिन्न द्विपक्षीय र बहुपक्षीय भेटघाटमा व्यस्त रहनुभएका मन्त्रीहरु बैठक सम्पन्न गरी शुक्रवार फर्किएका हुन् । भारतीय विदेशमन्त्री सुष्मा स्वराज भारतबाट आफ्नै एयर फोर्सबाट पोखरा आएको र शुक्रवार सोही विमानबाट भारत फर्किएको पररा्ष्ट्र मन्त्रालयका नायब शिष्टाचार महापाल राजाराम थियो । बैठकले सार्कको १९औं सम्मेलन, २०१६ को नोभेम्बर ८, ९ र १० तारिखमा पाकिस्तानमा हुने निर्णय गरेको छ । सार्क विषद् व्यवस्थापन केन्द्र भारतको राजधानी नयाँ दिल्लीमा राख्ने निर्णय गरेको छ भने प्राकृतिक व्यवस्थापन केन्द्रलाई पाकिस्तानको इस्लामाबादमा रहेको ऊर्जा केन्द्रसँग गाभ्ने निर्णय गरिएको छ । त्यस्तै सार्क सम्मेलनको निरन्तरताका लागि बैठकले प्रत्येक दुई वर्षको नोभेम्बरमा सार्क शिखर सम्मेलन गरिने निर्णय पनि पोखरा बैठकले गरेको छ ।

सार्कका विदेश मन्त्रीसहित विशिष्ट पाहुनाको बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ चैत्र ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को ३७औं मन्त्रिपरिषद् बैठकमा सहभागी हुन पोखरा आएका सार्क सदस्य राष्ट्रका विदेश मन्त्रीसहित सहभागी पाहुनाको शुक्रवार पोखरामा विदाइ गरिएको छ । नेपालको इतिहासमा नै पहिलोपटक राजधानी काठमाडौं बाहिर पोखरामा भएको बैठकमा भाग लिन भारतका विदेश मन्त्री सुष्मा स्वराज, माल्दिभ्सका विदेशमन्त्री दुन्या मैमुन, श्रीलङ्काका विदेशमन्त्री मङ्गला समारवीरा, बङ्गलादेशका विदेशमन्त्री अबुल हसन मोहमद अली, भुटानका विदेशमन्त्री डामचो दो जीं, अफगानिस्तानका उपविदेशमन्त्री हिक्मत खालिद कार्जाइ र पाकिस्तानका प्रधानमन्त्रीका पररा्ष्ट्र मामिला सल्लाहकार सर्ताज अजिज पोखरा आएका थिए । पोखरा आएसँगै सार्कको प्रभावकारी भूमिका स्थापित गर्ने, नेपालमा सफल भएको सामुदायिक वन कार्यक्रम सार्क राष्ट्रमा सञ्चालन गर्ने, यस क्षेत्रको गरिबी निवारण गर्ने, स्वराज भारतबाट आफ्नै एयर फोर्सबाट पोखरा आएको र शुक्रवार सोही विमानबाट भारत फर्किएको पररा्ष्ट्र मन्त्रालयका नायब शिष्टाचार महापाल राजाराम थियो । बैठकले सार्कको १९औं सम्मेलन, २०१६ को नोभेम्बर ८, ९ र १० तारिखमा पाकिस्तानमा हुने निर्णय गरेको छ । सार्क विषद् व्यवस्थापन केन्द्र भारतको राजधानी नयाँ दिल्लीमा राख्ने निर्णय गरेको छ भने प्राकृतिक व्यवस्थापन केन्द्रलाई पाकिस्तानको इस्लामाबादमा रहेको ऊर्जा केन्द्रसँग गाभ्ने निर्णय गरिएको छ । त्यस्तै सार्क सम्मेलनको निरन्तरताका लागि बैठकले प्रत्येक दुई वर्षको नोभेम्बरमा सार्क शिखर सम्मेलन गरिने निर्णय पनि पोखरा बैठकले गरेको छ ।

सामसुङ ग्यालेक्सी एस सेभेन एजको विक्री शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ चैत्र ।

मोबाईल दुनियाँमा आफ्नो विशिष्ट राज गरिरहेको सामसुङको बहुप्रतिक्षित ग्यालेक्सी एस सेभेन एज र एस सेभेन शुक्रवारदेखि पोखरेली मोबाईल पारखीले पनि प्रयोग गर्न पाउने भएका छन् । पोखरास्थित सामसुङको आधिकारीक विकेता बल्डवाईड कनेक्सनले दावी गरेको छ । विशेषगरी पोखरामा युवापुस्ता र व्यवसायीहरुमाझ लोकप्रिय रहने विश्वास गरीएको एससेभेन एज र एस सेभेन सिरिजको मुल्य क्रमश ८८ हजार ९ सय रुपैया र ७७ हजार ९ सय रुपैया रहेको बल्डवाईड कनेक्सन तथा बल्ड बिजन मोबाईल हवका सञ्चालक शुशिल कुमार गुरुङले जानकारी दिएका छन् । बिक्रि शुभारम्भकै अवसर पारेर शुक्रवारसम्म तीसजना भन्दा बढी ग्राहकले सामसुङ ग्यालेक्सी एस सेभेन एजको बुकिङ गरीसकेको पनि गुरुङले बताए । शुभारम्भकै अवसरमा शुक्रवारसम्म बुकिङ गरेकाहरुलाई डिजीटल घडी सहितको आकर्षक पेनस्ट्याण्ड उपहारस्वरुप प्रदान गरिएको थियो ।

मोबाईलको तुलनामा आकर्षक र विविधतापूर्ण रहेको छ । ५.५ इन्च तज्ब सुपर एमोल्डसहितको डिस्प्लेसहित एस सेभेन एज र ५.१ इंच डिस्प्ले साईजमा एस सेभेन रहेको छ । थीढी ग्लास डाई मन्सन, १२ मेगापिक्सल म्युअल क्यामेरा, ३२ जिवी इन्टरनल स्टोरेजसहित २०० जिवी एक्सटर्नल मेमोरी क्षमताको यो मोबाईलमा ११ घण्टासम्म लगातार भिडियो हेर्न सकिनेछ । यसका अलावा यो मोबाईल फोनको महत्वपूर्ण विशेषतामा आधा घण्टासम्म पानीमा डुबेपनि कुनै असर नगर्ने हो ।

पछिल्लो समय नयाँ नयाँ भर्सनका मोबाईल पारखिहरुका लागि यो फोन आकर्षक र सुविधासम्पन्न बन्ने विश्वास

सुन्दर हेयर एण्ड ब्यूटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension लगायत सबै ट्रान्डहरु प्रोफेशनलहरुद्वारा फेशियल गरिन्छ । साथै मेसी ब्रेयर, पेडी ब्रेयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ९८४६२५५३३०
पोखरा ट्रेड मल, चिलेढङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
तपाईले खोजेका कुनैपनि नुगलत्तरीय क्वालका कपडाहरुका लागि,
तपाईले मनेको समयमा आकर्षक एवम् नुगलत्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि नुगलत्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
यहाँको नाप, सङ्ख्या र डिजाइनको जिम्मलत्तावको लागि,
अर्डर बमोजिम आफिस, क्लब, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हुनुहुने बाहुले सबै बबिन टेलरिङ्गमा जिम्मेवारि लिनुहुन्छ...
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
DIGAMI Ashwin OCM Bulli

शनिबारीय स्वास्थ्य चर्चा

गर्मीको लाग्ने रोगबाट बचौं

गर्मीको तातोसंगै डिहाइड्रेसन, सनवर्नजस्ता समस्या सुरु हुन्छन् यस्तो अवस्थामा स्वास्थ्यको विशेष ख्याल गर्नु जरुरी हुन्छ । समयमै सजग भए स्वस्थ जीवन बिताउन सकिन्छ । गर्मीमा आउटडोर एक्टिभिटिज धेरै हुन्छ । यसअन्तर्गत लडेर, एक्सिडेन्ट परेर पनि धेरै विरामी अस्पताल आउँछन् । गर्मीमा पखाला लाग्ने तथा उल्टी हुने समस्या पनि बढी देखिन्छ। अझ तराईमा फोहोरमैलाका कारण डेंगु, मलेरिया आदि रोग लाग्छन् । नदी एवं खोलानालाको वरपर फोहोर जम्ने भएकाले त्यस्ता ठाउँमा लामखुट्टे धेरै हुन्छन् । त्यही फोहोरमा बस्नेको लामखुट्टेले टोक्दा मलेरिया हुने सम्भावना बढ्छ ।

गर्मीमा बढी हावाहुरी चल्ने भएकाले आँखामा धुलो पर्छ। फलस्वरूप कन्जेटोभाइटिस (आँखा रातो हुने समस्या) देखा पर्छ । यसैगरी धुलोको एलर्जीले पनि धेरैलाई पिरोलेको पाइन्छ ।

डिहाइड्रेसन गर्मीमा धेरैलाई डिहाइड्रेसन हुन्छ । बढ्दो तापक्रमसँगै वरपरको वातावरण पनि सुख्खा हुन्छ अनि गर्मी हुने भएकाले पसिना बढी आउँछ । फलस्वरूप शरीरमा पानीको मात्रा कम हुन्छ । यसबाट बच्न प्रशस्त मात्रामा पानी पिउनुपर्छ । धेरै तिर्खा लागेको छ भनेे त्यही समयमा पानी पिउनुपर्छ । एक्छिनपछि पिउँछु भनेर वस्तु हुदैन । आँप, खरुवा, भुईकटहरुले पनि शरीरलाई रसिलो बनाउँछ । यसैगरी नरिवल पानी सेवन गर्नु पनि लाभदायक हुन्छ ।

झाडापखाला तथा बान्ता गर्दामा फोहोर-मैला व्यवस्थापन राम्रोसँग नहुंदा यस्तो समस्या बढी देखा पर्ने गरेको छ । आकाशबाट पानी पर्ने भएकाले घर वरपर फोहोर पानी जम्मा हुन्छ । फोहोर तथा नपस्वालिएको खानेकुरा खाए झाडापखाला लाग्ने सम्भावना हुन्छ

दमका रोगीले विशेष ध्यान पुऱ्याउनुपर्छ गर्मीमा बढी धुलो उड्ने भएकाले दमका रोगीलाई समस्या हुन्छ । हावाहुरी चल्ने समयमा घरबाहिर निस्कन हुदैन । घाममा हिंड्डुल गर्नुपरे छाता ओढ्नुपर्छ । एकपटक दम रोग लागेपछि पछिसम्म पनि त्यसले पिरोल्ने भएकाले ध्यान पुऱ्याउनु पर्छ ।

गर्मीमा कन्जेस्टोभाइटिस (आँखा रातो हुने) पनि बढी हुन्छ । हावाहुरी चल्ने भएकाले धुलो उडेर आँखामा पर्छ । फूलको परागकणले गर्दा पनि यस्तो समस्या देखापर्छ । त्यसैले घाममा एसपोज हुनुअघि सनग्लास लगाएर हिंड्नुपर्छ । बाहिर हिंड्डुल गरेर आएपछि चिसो पानीले आँखा धुनुपर्छ ।

छालाको समस्या: गर्मीको आगमनसँगै छालामा पर्याप्त समस्या देखापर्छन् । धुलो तथा फूलको परागकणले गर्दा छाला चिलाउनुका साथै रातो पनि हुन्छ । छाला काली हुने साथै चिलाउने समस्या देखिन्छ । त्यसैले छालालाई घामबाट जोगाउन हिंड्डुल गर्नुअघि किम लगाउनुपर्छ । त्यसले सूर्यको प्रकाशबाट आउने हानिकारक किर्ण्ले छालामा पुऱ्याउने असरबाट जोगाउँछ । शरीरमा मोस्चराइजर पनि प्रयोग गर्नुपर्छ । पुरुषले सेभिङ गर्दा छालामा समस्या देखापर्न सक्छ । त्यसैले राम्रो सेभिङ लोसन तथा अफ्टर सेभ प्रयोग गर्नुपर्छ ।

खानपानमा ध्यान: गर्मीमा खानेकुरामा पनि विशेष ध्यान दिनुपर्छ । हलुका तथा चिल्लोरहित खानेकुरा खानुपर्छ । गर्मीमा धेरै चिल्लो एवं मसलायुक्त खानाले पाइला हुदैन । प्रशस्त मात्रामा पानी पिउनुपर्छ । रसिला फलफूल तथा सागपात बढी खानुपर्छ। खानामा सलाद पनि प्रयोग गर्नुपर्छ ।

व्यायाम: नियमित रूपमा बिहान सबेरै हिंडडुल गर्नुपर्छ । गर्मीमा बेलुका तातो हावा बहने भएकाले बिहानको स्वच्छ र ताजा हावामा हिंडडुल गर्नु उत्तम हुन्छ । धेरै व्यायाम गर्दा शरीरबाट बढी पसिना बाहिर निस्कने भएकाले हल्का व्यायाम गर्नुपर्छ ।

टाउकाको पीडा: गर्मीमा टाउको दुख्ने समस्याले पनि सताउँछ। न्युरोलोजिकल डिसअर्डरले गर्दा यस्तो हुन्छ । शरीरमा पानीको मात्रा कम हुने भएकाले टाउको दुख्छ । डिहाइड्रेसनका कारण पनि टाउको दुख्छ । त्यसैले बढी रसिला खानेकुरा खानु लाभदायक हुन्छ। पानी पनि प्रशस्त मात्रामा पिउनु पर्छ ।

समाधानका उपाय: गर्मीमा सूर्यको तापक्रम बढी हुने भएकाले छालामा एलर्जी हुने समस्या पनि देखा पर्छ । त्यसैले भरसक घाममा हिंडडुल गर्नुहुँदैन । हिंडनै परे छाता ओढेर हिंडुनुपर्छ । शरीर तथा शरीरका अन्य खुल्ला भागमा घामबाट जोगिने खालको किम लगाउनु पर्छ । यसैगरी कन्जेटिभाइटिस बाट बच्न सनग्लास लगाउनु पर्छ । प्रशस्त मात्रामा पानी पिउनु पर्छ । बासी, सडेगलेका खानेकुरा खानु हुदैन । राम्रोसँग पखालेर पकाइएको खानेकुरा खानुपर्छ । गर्मीमा बरपरको वातावरण सफा राख्नु जरुरी छ ।

यसैगरी जाडोमा भै गर्मीमा पनि विभिन्न मौसमी रोग लाग्ने गर्दछ । गर्मीमा हुने लु, पानीको कमी ,फूड पोइजनिंग, थकान सामान्य रोगहरु हुन् । केही सावधानी अपनाए यस्ता बिमारीबाट बच्न सकिन्छ । चिकित्सकहरुका अनुसार हट एण्डाल गर्मीको एक प्रकारको साधारण बिमारी हो । जसको कारण शरीरको तापमान ३७ डिग्री सेन्सियस बाट ४० डिग्री सेन्सियस सम्म पुग्दछ । रिगटा लाग्ने, कमजोरी, अत्यधिक प्यास लाग्ने, टाउको दुख्ने र छटपटी लाग्ने यस रोगको मुख्य लक्षण हुन् । यस्तो लक्षण देखिएमा तुरन्त पानी खुवाउनु पर्दछ । यो रोग पानीको कमीका कारण हुने गर्दछ ।

हट-स्ट्रोक हुँदा शरीरको तापमान ४० डिग्री सेन्सियस सम्म बढ्छ । जसको कारण शरीरका अन्य कार्यप्रणालीले काम गर्न विस्तारै छोडदछ । हट-स्ट्रोकबाट बच्न अत्यधिक गर्मी हुने समयमा घरबाट बाहिर ननिस्कने, अत्यधिक मात्रामा पानी, जुस तथा तरल पदार्थ पिउने ताकि शरीरमा पानीको कमी नहोस । हल्का खालको कपडा लगाउने। फूड पोइजनिंग गर्मीयाममा बढी मात्रामा हुने गर्दछ । गर्मीको समयमा खानपिनमा बढी ध्यान दिनुपर्दछ ।

अत्यधिक तापमानको कारण खानामा बैक्टेरीया हुनसक्छ जसको कारण फूड पोइयजनिंग हुनजान्छ । सडकमा खुल्लारुपमा राखिएको कुनै पनि खानेकुरा खानु हुदैन । पिउने पानी सधैं घरबाट नै लिएर हिड्नुपर्छ । अल्टा बायनेट किरण र घामबाट बच्न चस्मा र क्यापटोपी सधै प्रयोग गर्न सकिन्छ ।

प्याज खानुका १० फाइदा

सलाद होस् वा तरकारी र अचारमै किन नहोस् प्याज धेरै खाइने चिज हो । स्वादका लागि खाइने प्याजको गुण केवल खानालाई स्वादिलो तथा बासनादार बनाउनेमा मात्र सर्पमत छैन ।

प्याजमा विभिन्न औषधिय गुण पनि पाइन्छन् र यसको सेवन स्वास्थ्यका लागि हितकर हुन्छ । विज्ञहरुका अनुसार कतिपय स्वास्थ्य समस्याको रोकथाम र उपचारमा प्याज लाभदायक हुन्छ । प्याजका १० फाइदा यस्ता छन् :

❖प्याज खानाले पेटमा पाचन रसको उत्पादन बढ्दछ । जसका कारण हामीले खाएको खानेकुरा राम्रोसँग पच्दछ र पाचन सम्बन्धी समस्या पनि कम हुन्छ ।

❖प्याजको रसमा मह मिलाएर खानाले ज्वरो, रुघाखोकी, तथा घाँटी ❖खसखस गरेको र एलर्जी जस्ता समस्यामा राहत मिल्दछ ।

❖प्याजमा रहेका एन्टीअक्सिडेन्ट्स तथा भिटामिन सी पाइन्छ, जसले मानिसमा रोग प्रतिरोधी क्षमता बढाउँदछ ।

❖तपाईको जिउमा कतै माहुरीले चिलेको छ ? यदि माहुरीले चिल्यो भने उक्त ठाउँमा प्याजको रस लगाउनुहोस, दुखाइ तथा सुन्निने कम पनि कम हुन्छ ।

❖प्याजको नियमित सेवनले पेटको अल्सर अर्थात् प्याप्टिक अल्सरको जोखिम कम हुन्छ । प्याजमा भएको तत्वले सरीरको फ्रि रेडिकल्स हटाउन मद्दत गर्दछ ।

❖नाकबाट बिभिन्न कारणले रगत बगिरहेको छ भने कांचो प्याज काटेर सुँघाले रगत चम्म बन्द हुन्छ ।

❖प्याजमा क्वान्सर प्रतिरोधी तत्व पाइन्छ । यसमा हुने क्वेर्सेटिन नामक यौगिकले क्वान्सरबाट बचाउन सहयोग गर्दछ ।

❖प्याजमा ग्लिसमिय तत्व हुन्छ जसले रगतमा भएको चिनीको मात्रा अर्थात् ब्लड सुगर नियन्त्रणमा मद्दत गर्दछ ।

❖कांचो प्याजको सेवनले रगतमा हानिकारक कोलेस्ट्रोलको मात्रा बढ्न दिँदैन र यसले मुटुलाई स्वस्थ राख्न सहयोग पुराउँदछ ।

❖दुखेको वा सुन्निएको ठाउँमा प्याजको रस लगाउनाले दुखाइ कम हुन्छ र संक्रमण पनि हुदैन ।

❖प्याजमा विभिन्न फाइटोकेमिकल्स

के गोलभेंडाले मृगौलाको पत्थरी गराउँछ ?

कतिपय खानेकुराहरुको बारेमा हामीहरुमा एक प्रकारको मान्यता अर्थात् भ्रमित हुन्छ । त्यस्तो मान्यता भनै गलत नै किन नहोस् तर मानिसहरुले त्यसलाई सही भनेर स्विकारी रहेकै हुन्छन् र सोही बमोजिम गर्दछन् । यस्तै एउटा मान्यता गोलभेंडाको विषयमा पनि छ ।

गोलभेंडा खानाले मृगौलाको पत्थरी हुन्छ भन्ने मान्यताका कारण कतिपयले त गोलभेंडा नै खान छाडेको हामीले देखेका छौं । के यो साँचो हो त ? गोलभेंडाले मृगौलाको पत्थरी बनाउँछ त ? वास्तवमा अक्जालेट तत्वयुक्त खाद्य पदार्थको सेवनले मृगौलामा पत्थरीको सम्भावना हुन्छ ।

गोलभेंडामा पनि अक्जालेट तत्व हुन्छ । तर यो गोलभेंडामा अक्जालेट तत्व मृगौलामा पत्थरी गराउने हानिकारक मात्रामा हुदैन । जसका कारण गोलभेंडाको सेवनले मृगौलाको पत्थरीको खतरा रहदैन । तर यदि ठूलो परिमाणमा नियमित रुपमा गोलभेंडा खानाले भने अक्जालेट तत्वको अधिक आपूर्ति हुने र मृगौलामा पत्थरीको जोखिम बढ्ने गर्छ, स्वभाविक रुपमा । तर सन्तुलित मात्रामा वा ठिक्क मात्रामा गोलभेंडामा खानाले मृगौलाको पत्थरी हुने सम्भावना रहदैन ।

विज्ञहरुका अनुसार चिया, कफी, पार्सले तथा विभिन्न सफ्ट ड्रिंक्सहरुमा अक्जालेट तत्व अधिक मात्रामा पाइने भएकाले त्यस्ता पदार्थ बढि खानाले मृगौलामा पत्थरीको खतरा बढ्दछ । धेरै धेरै नूनयुक्त अचारको सेवन बढि गर्नु पनि मृगौलाको पत्थरीको कारण बन्न सक्दछ ।

बढि चिनी खानाले मस्तिष्कमा क्षति ?

धेरै गुलियो पदार्थ खानाले मोटोपना तथा मधुमेह लगायतका समस्याको जोखिम बढ्ने कुरा त सबैलाई थाहै छ । तर हालैको एक अध्ययनले भने बढि चिनीको सेवनले मस्तिष्कका कोशिकाहरुमा क्षति पुराउने र मानिसको स्मरण क्षमतालाई पनि नराम्रोसँग असर पुराउने तथ्य पत्ता लगएको छ ।

अस्ट्रेलियाको न्यू साउथवेल्स विश्वविद्यालयका शोधकर्ताहरुले हालै गरेको अनुसन्धानमा यो तथ्य पत्ता लागेको हो । शोधकर्ताहरुका अनुसार चिनीको बढि मात्राले मस्तिष्कमा असर पुराउछ र तनावमा पनि बढ्तैरी ल्याउँदछ ।

शोधकर्ताहरुका अनुसार दैनिक ४० ग्राम भन्दा बढि चिनीको सेवनले मस्तिष्कमा नोक्सान पुराउँदछ र यसको कार्यप्रणालीमै असर पुराउँदछ । यसबाट मानिसको स्मरण क्षमतामा पनि गिरावट हुन्छ । शोधकर्ता जयन्ती मनियम तथा मार्गरेट मोरिसले भनेका छन् : हामी सबैलाई थाहै छ की गुलियो पदार्थको धेरै सेवन गर्नु दाँत तथा पेटका लागि हानिकारक छ, तर नविनतम अनुसन्धानमा यो पत्ता लागेको छ की चिनीले दिमागको त्यस भागमा असर पुराउँदछ जसले व्यवहार तथा स्मरणमा भूमिका खेल्दछ ।शोधकर्ताहरुले १५ दिनसम्म मुसाका विभिन्न ३ समूहमा अध्ययन गरी यो निष्कर्षमा पुगेका हुन् । त्यसकमा नियमित रुपमा चिनी खुवाइएका मुसाहरुको मस्तिष्कका कोषहरुमा नोक्सान पुगेको पाइएको थियो ।

शोधकर्ताहरुका अनुसार अत्यधिक चिनीको सेवनले ल्युरोन्स अर्थात् स्नायु कोशिकाको विकाशका लागि जिम्मेवार मानिने ल्युरोड जिनलाई असर पुराउँदछ । जसका कारण मानिसमा तनाव, डिप्रेसनका साथै स्मरण शक्तिको गिरावट जस्ता समस्या देखा पर्दछन् ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र ६ गते शनिबार, तदनुसार मार्च १९ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनशुक्लपक्षको एकादशी तिथि १८ घटि २८ पला अर्थात दिनमा १२ बजेर ४६ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ । आज सूर्य मीन राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३० घटि ८ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ११ मिनेटमा यस मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर १४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : विदेशबाट धन आउन सक्ने, गरेको कार्य सफल, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त हुनेछ ।

वृष : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका श्रोतहरु घट्नेछन्, विशेष मान्छेबाट धोका हुन सक्नेछ

मिथुन : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

कर्कट : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, बाध गरेको सताउने छ सतर्क हुनुहोला ।

सिंह : विदेशबाट आफनो मान्छे घरमा फर्कदा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग मिल्ने ।

कन्या : साहित्यिक क्षेत्रमा सक्रियता बढ्ने, प्रेमिकासंग भेटघाट हुन सक्ने, बौद्धिक क्षेत्रबाट लाभ, आम्दानी राम्रो हुने ।

तुला : राजनीतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकरात्मक विचारले सताउनेछ ।

वृश्चिक : शत्रुहरु सक्रिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

धनु : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

मकर : व्यारिक कार्य असफल, झगडाको माझिलामा फसिने, स्वास्थ्यमा खराबी, टाढाको भ्रमण नगर्नु वेश हुनेछ ।

कुम्भ : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा बृद्धि हुने ।

मीन : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट वञ्चित, दिन खराबछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६१

वित्तिय संस्था कर्मचारी संघमा सुर्खाली

पोखरा ५ चैत्र ।

नेपाल वित्तिय संस्था कर्मचारी संघ शाखा समिति पोखराको दशौं अधिवेशनबाट पुस्कर नेपाली सुर्खाली अध्यक्षमा निर्वाचित भएका छन् । संघको उपाध्यक्षमा दल बहादुर थापा, सचिवमा यामबहादुर रानाभाट, कोषाध्यक्षमा विरबहादुर जैसवाल, राजेन्द्र लम्साल र सदस्यहरुमा ज्ञान शर्मा, दलबहादुर थापा, ध्रुव प्रसाद पोखरेल, सुजन पोखेल, गोविन्दबहादुर थापा, यज्ञप्रसाद जोशिजु सर्वसम्मत निर्वाचित भएका छन् संघले केन्द्रीय पार्षदमा भरतराज आचार्यलाई सर्वसम्मत चयन गरेको छ यसअघि अधिवेशनको उद्घाटन गर्दै नेपाल राष्ट्र बैंक पोखराकी निर्देशक निलम तिमिसिनाले कर्मचारी संघको सम्मान संस्कारले सकारात्मक भूमिका खेलेको बताईन् । संघले प्रवेशिका परीक्षामा सबैकृष्ठ अंक ल्याउने कर्मचारीका छोरा सन्देश खण्डनको आवश्यकता औल्याए । श्रम ऐन र ट्रेड युनियन ऐनलाई व्यवस्थापन पक्षसंग सामूहिक सौदाबाजीका माध्यमबाट कार्यालय र मजदुरको सुरक्षा ग्यारेन्टी गर्नुपर्नेमा उनले जोड दिए । संघका अध्यक्ष ज्ञान शर्मा बाग्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल ट्रेड युनियन कंग्रेस पश्चिमाञ्चल क्षेत्रीय सभापति मुरारी शर्मा, जिल्ला अध्यक्ष कुवेरी बराल, सम्मानित व्यक्तित्व सन्देश लम्साल, संस्थापक अध्यक्ष मातृकाराज घिमिरे, कार्यसमिति सदस्य यामबहादुर रानाभाट लगायतले आ-आफ्नो भनाई राखेका थिए ।

कान्तिपुरमा विद्यार्थीलाई बिदाई

गोल्डेन न्यूज संवाददाता

पोखरा ५ चैत्र ।

कान्तिपुर टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजमा एकवर्षे स्कटिज डिप्लोमा इन होटल म्यानेजमेन्टमा अध्ययनरत विद्यार्थीहरुलाई स्वागत एवं विदाई कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा कलेजका विद्यार्थी सुरेन्द्र ओझाको अध्यक्षतामा भएको थियो । कार्यक्रममा नर्यां तथा पुराना विद्यार्थीहरुले विभिन्न सांस्कृतिक, सांगीतिक एवं मनोरञ्जनात्मक प्रस्तुती प्रस्तुत गरे ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका संस्थापक अध्यक्ष विजय पौडेलले कलेजले अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार पार्नका लागि कलेजले सोही अनुसारको पुर्वाधार एवं वातावरण प्रदान गरेको बताए। कलेज व्यवस्थापन समितिका सदस्य तथा जस्स ग्लोबल म्यानपावरका म्यानेजिङ डाईरेक्टर चन्द्रसिंह अवाइ, कलेजका कार्यक्रम संयोजक ज्ञानेन्द्र पौडेलले उत्पादित विद्यार्थीहरुलाई शतप्रतिशत नोकरीको व्यवस्था देश तथा विदेशमा समेत लगाउन सफल भएकोमा खुशी व्यक्त गरेका थिए । कार्यक्रममा विकास नि एस., सरिता तामाङ, शिशिर सुब्बा, मुकेश गुरुङ, शरण मजर्जन, निर्मला तिमिल्सिना, सरु पौडेल लगायतले बोलेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०१.२ मेगाहर्ज सुन्न Log on : www.goldennews.com.np

—रंग संसार—

लोकगीतको चाहना, लोकगीतमै लगाव र सफलता

राजाराम पौडेल/गोल्डेन
पोखरा ५ चैत्र ।

सुरमा कुमार पुनलाई विश्वासनै थिएन कि लोकदोहोरी क्षेत्रमा लामेर प्रगति गर्न सकिन्छ भनेर । हुन त त्यतिबेला उनलाई सल्लाह सुझाव दिने कोहि थिएनन् । रेडियोमा गीत बजेको सुन्दा आफ्नो आवाज पनि रेडियोबाट सुनाउन पाए भन्ने रहर उनमा थियो । तर गाउँमा बसेर सम्भव थिएन । सांगीतिक क्षेत्रको बारेमा बुझ्ने व्यक्ति त्यहाँ थिएनन् । गाँउ छोडेर पोखरा अथवा काठमाडौं पुग्ने साहस उनमा आएन । गाउँबाट उच्च शिक्षा अध्ययनका लागि बागलुङ पुगे । त्यही पुगेर आफ्नो प्रतिभा राख्न थाले । त्यसैले त बागलुङमा आयोजना हुने चैते दशैं मेलामा तीन पटकसम्म उनको समूह प्रथम भयो । यहि मेलामा वरिष्ठ लोकदोहोरी गायक पुरुषोत्तम न्यौपानेलाई भेट्ने अवसर जुट्यो । उनको आवाज सुनेर न्यौपानेले तारिफ मात्र गरेनन् पोखरा आउन सांगीतिक यात्रामा अगाडि बढ्न सुझाए पनि । न्यौपानेसंग फोन नम्बर आदान-प्रदान भयो । तर तत्काल पोखरा उनी आएनन् । प्रगति गर्न विदेशने जानुपर्छ भन्दै सबै उनका युवा साथी विदेशिए । यसबाट कुमार पुन पनि अछुतो रहन सकेनन् । अनि हानिए थाइल्याण्डतिर । बेला-बेलामा नेपाल भने आइरहन्थे ।

बाल्यकालदेखिनै लोक संगीतप्रति कुमारको रुचि थियो । गाउँमा रोझी गायको सुन्ने र हेर्ने गर्दागर्दै उनले गीत गाउन थालेका थिए । यसरी गीत सुनाउँदा पाएको सकारात्मक प्रतिक्रियालेनै उनी अगाडि बढ्न हौसिए । उनी गाउँमा मात्र सीमित भएनन् । विस्तारै गाउँभन्दा बाहिरका कार्यक्रममा सहभागिता जनाउन थाले । वि.स.२०५१ मा बालखु वुर्तिवाङमा भएको पूर्णिमा मेलामा आयोजित प्रतियोगितामा प्रथम भए उनी । यसले उनमा उत्साह थपियो । हुन त यसअघिनै विभिन्न स्थानीय प्रतियोगितामा भाग लिएर पुरस्कार जितेका थिए । स्कूलमा गीत सुनाउंदा शिक्षकले प्रशंसा गर्ने गरेकोले उनमा आत्मविश्वास बढेको थियो । 'सरहरुले ताउँमा यसको कोही हुन्थ्यो भने यस्ले कोहि गर्न सक्छ भन्ने गर्नुहुन्थ्यो' उनी सम्झन्छन् ।

थाइल्याण्डबाट वि.स. २०५७ नेपाल आउँदा उनी पोखरा आए । तत्काले गीत रेकर्ड गर्न आँट उनले गरे । लय र शब्द पुरुषोत्तम न्यौपानले सिर्जना गरेको 'घर मेरो म्यारदी देविस्थान' गीतमा आवाज भरेर नेपाली सांगीतिक क्षेत्रमा उनको डेब्यू त्यहि वर्ष भयो । गीत बजारमा त आएन । तर रेडियो नेपाल र भर्खरै पोखरामा खुलेका एफ.एम.बाट बज्न थाले । श्रोताको अनुरोध यो गीतको लागि आउन थाले । विभिन्न कार्यक्रममा उनले सुनाए पनि । फेरी थाइल्याण्ड गए ।

वि.स. २०५९ मा नेपाल आउँदा काठमाडौंको रिमा रेकर्डिङ स्टुडियोबाट दुई गीत रेकर्ड गरे । जुन गीतहरु एल्बम 'धानको बालेमा' मार्फत बजारमा आए । एल्बममा समावेश 'धानको बालेमा' बोलको गीतमा लय र शब्द सिर्जना बुद्ध घर्ति गरेका थिए । आवाज कुमार पुन, निता पुन र मिना पुनले भरे । यहि एल्बमको 'धरती धसुला' सार्जेन्ट गीतमा शब्द र लय कुमार पुनको थियो । आवाजमा उनलाई निता पुन र मिना पुनले साथ दिएका थिए । गीत रेकर्ड गरेर उनी अनि थाइल्याण्ड लागे । एक वर्षपछि मात्र यी गीत उनले सुनेका थिए ।

विदेशिने चलन गाउँमा भएकोले विदेशिनु परेको उनी बताउँछन् । गाउँमा बुवाहर घरमा नबस्ने । आर्थिक अवस्था सामान्य । त्यतिमात्र नभए सांगीतिक क्षेत्रमा भविष्य उनले देखेनन् । गीत गाएर मात्र जीवन धान्न सकिन्छ भनी लागेन । 'उनले भने । जहिले साथीहरुले गरेको प्रगति देख्या यहि बसेर पनि गर्न सकिने रहेछ भन्ने हुने गरेको उनी बताउँछन् । यो बीचमा रमेश बिजी र पुरुषोत्तम न्यौपानेसंग जुरा भइरहन्थ्यो उनको । आउँदा भेट्ने गर्थे । समय मिल्दा कार्यक्रममा गीत गाउने ।

तर लामो समयसम्म उनले सांगीतिक क्षेत्रमा समय दिएनन् । पुन: ११ वर्ष पछाडि साथीहरुको आग्रहमा वि.स. २०७० बाट उनको पुन:आगमन नेपाली लोकदोहोरी क्षेत्रमा भएको हो । रमेश बिजिको शब्द र लयमा देवी घर्ती र कुमारको आवाजमा 'लाच्छु डोरी उनकी' गीत रेकर्ड स्यायी रेकर्डमा जुजु गुरुङको एरेन्जमा रेकर्ड गरापर फेरी उनी थाइल्याण्ड फर्के । ३ महिनापछि नेपाल आएर गीतको मिक्सिङ गरे । शंकर बिसीको निर्देशनमा भिडियो निर्माण गरेर बजारमा आएको थियो । यसबाट राम्रो प्रतिक्रिया पाए । यस्ले उनमा झनै उत्साह थपियो । 'झल्को आउछ निदरी आउदैन' २०७१ मा रमेश बिजिको शब्द र लय देवी घर्ती र कुमारको आवाजमा आयो । यो वर्ष प्रेम सागर पौडेलको शब्द र लय तथा कुमार र कृष्ण परियार मा जिन्दगी बरोको खोला' गीत बजारमा आयो । हैन अरुको' २०७१ मा रमेश बिजिको शब्द,समीला गुरुङको लयमा कुमार र समीलाले आवाज भरेका थिए । यी गीत मार्फत दर्शक श्रोताको मन उनले जिते ।

यसैगरी वि.स. २०७२ मा रिता थाकी एल्बममा आवाज भरे । रमेश बिजिको शब्द नारायण परियारको लया रहेको यो गीतमा रिताले उनलाई साथ दिएकी छन् । उनले प्रिति आलेकी एल्बमको 'बावरी' तथा तुलसा जिसीको एल्बमकी 'मोहनी' मा आवाज भरेका छन् ।

लाल बहादुर पुनको लय र शब्दमा यानीमाया, ख्याली, सालैजो, भइंचे साइलो, ठाडोभाका समावेश गरेर भिजुअलसहित गीता पाइजा र कुमार पुनको आवाजमा एल्बम अब केहि समयमा बजारमा आउँदैछ । उनले नयाँ वर्षको अवसरमा आफ्नो नयाँ एल्बम निकाल्ने बताएका छन् । रमेश बिजिको शब्द र लय सिजनामा 'तल्तल मलाइ सुपारीको' बोलको गीत उनको एकल आवाजमा रेकर्ड भइसक्यो । अब अर्को गीत थपेर भिडियो सहित एल्बम रिलिज गर्ने योजना उनको छ ।

यतिबेला उनलाई धेरै गीत गाउने अफर आउन थालेका छन् । 'गीत गाउने अफर धेरै आएका छन् तर चित्तबुझ्दो नभएर सबै गीतमा आवाज भरेको छैन' उनले बताए । सांगीतिक यात्रामा थाइल्याण्ड, कत्वोडिया र भियतनाम जाने तयारीमा रहेका उनी यसअघि फान्स, बेल्जियम, हडकङ, सिंगापुर, मेलेसिया पुगेर आफ्नो प्रस्तुति सुनाइसकेका छन् । नेपालका झण्डै १० जिल्लामा पुगेर आफ्नो प्रतिभा सुनाउन उनले भ्याएका छन् । थाइल्याण्डकी पिआर अएका उनी अहिले पोखरा नयाँ गाउँमा बस्छन् । उनको थाइल्याण्डमा मसाज सेन्टर र साइबर छ भने पोखराको रिमाक्सि दोहोरी साँझमा लगाती छ । राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान नेपालको आजीवन सदस्य रहेका उनले विन्धबासिनी अवार्ड २०७१ नव गायको अवार्ड पाएका थिए ।

कुमारको जन्म म्यारदी विस्थान-३ राजडाडामा बुवा कर्ण प्रसार र आमा रनमाया पुनको तेस्रो सन्तानको रुपमा आजभन्दा झण्डै ४२ वर्ष अगाडि भएको हो । टिपिकल लोक भाका गाउन मनपराउने पुन हाल बजारमा आएका गीत प्रति असन्तुष्ट छन् । गम्रो गीत सिर्जना हुनको लागि सेन्सर बोर्ड आवश्यक हुने उनको भनाइ छ । 'सेन्सरबोर्ड नहुँदा लापरवाही भयो ।' उनी भन्छन् । गीतको अगाडि अश्लल शब्द राखेर पप्लिसिटि गर्ने गरेको उनलाई पटक्कै मन पर्दैन । 'धेरै रेकर्डिङ स्टुडियोको स्थापना हुनुले जस्तो गीत पनि बजारमा आए ।' उनले भने । अब भने निरन्तर सांगीतिक क्षेत्रमा लाग्ने सोच उनले बनाएका छन् । उनी अझैसम्मपनि थाइल्याण्ड आउने-जाने गर्छन् ।

प्रतिक्रियाका लागि :
popdiary@gmail.com

मिस नेवा:को फाइनल आज

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ चैत्र ।

नेवा: खल, कास्कीको आयोजनामा हुन लागेको छैठौं मिस नेवा: पोखरा नेपाल संवत ११३६ को तयारी पुरा भएको । मिस नेवा: पोखरा ११३६ का लागि १९ जना नेवारी समुदायका युवतीले प्रतिस्पर्धा गर्दैछन । सहभागी प्रतियोगिहरुलाई विभिन्न जीवनपयोगी तालिम प्रदान गरिएको प्रतियोगिता संयोजक सुविन्द्र श्रेष्ठले जानकारी दिए। चैत ६ गते शनिवार पोखरा सभागृहमा हुने अन्तिम प्रतिस्पर्धामा प्रतिस्पर्धीहरुमा भैरवटोलका कस्मी शाई, रामबजारका सन्ध्या श्रेष्ठ, सुवि तण्डुकार, सुरक्षा तमुरा र मौनता कर्माचार्य, हेम्लाका ज्योती श्रेष्ठ, पृथ्वीचौकका सेलिका श्रेष्ठ र एली श्रेष्ठ, रानीपौवाका अनिशा तमुरा, सुस्मा श्रेष्ठ र सन्जु श्रेष्ठ रहेका छन् । यसैगरि मोहोरीया टोलका अस्मिता बज्राचार्य, एलिशा जोशी, सिंहनाथटोलका श्रेयका प्रधान, सृजनाचौकका सविक्षा मल्ल, बगरका निशा श्रेष्ठ, लामाचौरका रोजिना श्रेष्ठ र तनहँ डुमेका अस्मिता श्रेष्ठ, मालेपाटनका दिपिका श्रेष्ठ रहेका छन् ।

कार्यक्रमको उद्देश्यबारे प्रकाश पाँडे नेवा खल: कास्कीका अध्यक्ष अशोक पालिखेले मौलिक नेवा संस्कृति, भाषा, भेषभूषा, कला, रहनसहन आदिको संरक्षण र सम्बर्द्धन गर्दै नेवा: समुदायका अविवाहित युवतीहरुलाई यस बारे अवगत गराउने र उनीहरुलाई यो कार्यक्रम माफत आफ्नो सक्षमता र आत्मविश्वासको अभिवृद्धि गर्ने उद्देश्यले नेवा खल कास्कीले यस कार्यक्रमको आयोजना गर्न लागेको बताए । मिस नेवा: पोखरा ११३६ का विजेताले ४० हजार नगद, फस्ट रनरअपले २५ हजार र सेकेण्ड रनरअपले १५ हजार नगदसहित प्रमाणपत्र र आकर्षक उपहारहरु प्राप्त गर्ने छन् ।

यसैगरि बेष्ट स्माइल, बेष्ट ड्रयालेण्ड, बेष्ट पर्सनालिटी, बेष्ट फोटोजेनिक, बेष्ट भ्युअर च्वाइस, बेस्ट नेवारी ल्याङ्वेज टाइटलका साथमा जनही ५ हजार रुपैयाँ, प्रमाणपत्र र उपहार प्रदान गरिने छ । प्रतिस्पर्धीहरुलाई पोखरामा सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका विभिन्न व्यक्तित्वहरुले तालिम प्रदान गरेको संयोजक सुविन्द्र श्रेष्ठले जानकारी दिए ।

कालिगढलाई व्यवसायिक तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ चैत्र ।

शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय कास्कीको आयोजना एवम् अल्पपूर्ण मल्टी इन्जिनियरिङ कन्सल्टेन्सीको सह आयोजनामा आयोजित भक्तपुर प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी तालिमबाट कास्कीका २२ जना कालिगढ लाभान्वित भएका छन् । भूकम्प प्रतिरोधी भवन निर्माणका लागि कालिगढलाई अभिप्रेरित गर्दै उनीहरुलाई प्रशिक्षित गर्न तालिम आयोजना गरिएको हो ।

तालिमको समापन समारोहमा सहभागीलाई प्रमाणपत्र प्रदान गर्दै शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय कास्कीका प्रमुख तपेन्द्र बहादुर खड्काले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न सहभागीलाई आग्रह गरे ।

प्रमुख प्रशिक्षक एवम् अल्पपूर्ण मल्टी इन्जिनियरिङ कन्सल्टेन्सीका प्रोपाइटर किसान सिंह गुरुङले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न सके मात्र तालिमको लक्ष्य प्राप्त हुने बताए ।

कार्यक्रममा निर्माण व्यवसायी अर्जुन थापा, प्रशिक्षार्थी खड्का बिक, शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय कास्कीका लेखा अधिकृत विष्णु बराल लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

गर्भपतन न्युनिकरणका लागि तालिम

पोखरा ५ चैत्र ।

स्थानीय सरकारी तथा गैरसरकारी सरोकारवालाहरुको लागि २ दिने जिल्लास्तरीय क्षमता विकास तालिम शुक्रबार पोखरामा सम्पन्न भएको छ । गर्भ पहिचान गरि गरिने गर्भपतन न्युनिकरण गर्न तथा गर्भमा रहेका शिशु, बालिकाहरुको हक अधिकारका बारेमा आवाज उठाउनका लागि शुरु भएको विटिबि परियोजना अर्न्तगत तालिम भएको हो ।

स्थानीयस्तरमा लैंगिकयैी सेवा विस्तारका लागि सरोकारवालाहरुको भूमिका सम्बन्धी तालिम निर्देशिका निर्माण गर्ने सम्बन्धमा जिल्लाका सरोकारवालाहरुको सुझाव संकलनका लागि वल्डभिजन एड्भोकेसी फोरमको आयोजनमा तालिम भएको सिविन पोखराका प्रमुख प्रेम सोइमेनले बताए । तालिममा श्रोतव्यक्ति कोपिला रिजालले तयार पार्नु भएको निर्देशिका नमुना अर्न्तगत रहेर किशोरी तथा बालबालिकाको पृष्ठभूमि, परिभाषा, यससम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट भाका पत्रल, प्रावधान, लक्ष्य, लैंगिक हिंसा, नेपालमा गर्भपतन तथा त्रिगका आधारमा हुने गर्भपतन लगायतका बारेमा छलफल भएको थियो । यूरोपियन युनियनको आर्थिक सहयोगमा सिविन नेपाल, वल्डभिजन एड्भोकेसी फोरम, कृपा र आईसिडिआईको संयुक्त पहलमा सन् २०१५ देखि ०१७ सम्मका लागि परियोजना शुरु भएको हो । परियोजना कास्कीमेरी काठमाण्डौ, भक्तपुर, चितवन, रुपन्देही र सुर्खेत जिल्लामा संचालित छ ।

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगशैलीगतका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इस्पायराका साथै सिपेजको समस्या साबधान , बाटर प्रुफिङ्ग मरिन्छ ।
फोन : ०६१-४३०९६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

बैंक ब्यालेन्स
बैंक ब्याले्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६९१-०६६०२

तु-अवश्यकता
पोखराको पालिखेघोकमा रहेको श्रद्धा सरस्वती पुस्तक पसलका लागि केही पुस्प कर्मचारी आवश्यक परेको हुनाले एसएलसी उत्तीर्ण/+२ वा सो सरह र अनुभवी इच्छुक र इमान्दार व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।
श्रद्धा सरस्वती पुस्तक पसल
ताप्लाकार भवन,डाक्तार्स पालिखेघोक
फोन : ०६१-५४७७०१

पोखरामा पहिलो पटक
योनिसुर्कुच : तिघ्रको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विशेष किसिमको हर्बल सप्लिमेन्ट उपलब्ध, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश भर्न रोक्नो उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन स्पा अनुल (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
शैल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
शाही नदिई जाँड रक्सी धुरोट, खैनी, गाँजा तथा हुक्स छुटाउन।
दाँड तथा जोनी दुवाई ठिक पार्न, सस्तो सुधा पेसलिन।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) खुरोट, पोखरा
061-539070, 9856035331, 9804122919

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा दुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin वुर्ज र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्र.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :- तयारी कक्षा छमाछम चलिरहेकोले छ ।
०स्नातकतिखत उत्तीर्ण गराउन सफल ०आफ्ने मेनपावर कम्पनीबाट प्रशिक्षित गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५४०५२, मो. ९८४५०-४१९२०

वाया, पोतो र डण्डिफोर Bye Bye
वाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइलुका साथी गोरोपना बढाउने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
महिनामा दै १-२ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
न्यूट्रिक उपचार
Breast घटाउने बढाउने...टेप्ना भएको सेतो धर्सा हटाउने ।
बाहिं नदिइ जाड, रक्सीका साथै खुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालिक नं १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
घिस्लेचुइरा, पोखरा-७, फोन: ९८४६५४७९८८, ०६१-५२७९४४
(माथ इम्प्रोभिसमको अगाडि ढा ढलकेका भवा दुई घर तल)

अनेक समस्या सफल उपचार
ड्याण्ड्रिफ: खाना राँचि नहुने, अनिमो पानी आउने, भौंसिले हकार आउने जस्तो सुकै पुरानो म्याग्ट्रिकको सफल उपचार ।
योनि स्रावस्या: शिघ्र स्खलन, उत्तेजना नहुने, शिघ्र शिलाउने, स्वदन दोष जस्तो सुकै यौन समस्याको सफल उपचार
महिला सम्बन्धि समस्या
महिनामारी नहुनेदी, सेतोपानी बग्ने, योनी शिलाउने, तल्लो पेट दाह कमर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहनामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- काली छायी पोतो, डण्डिफोर, झुल भ्रुका, मस्किया, कोठी, चाउरपिन हटाई पूर्ण शरिर गोरो बनाउने ।
दुईवटा कालो वा दिएको पोलिथिन थाहा नदिई जोनी पसा गराउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, झुल नाभि बाथ, दाह कम्मर, हाड जोनी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
एकीपोखेरा, पोखरा, मुरलिचोक विकास बैंकको अगाडि पोखरा हर्बलहर्बिजस भवन भित्र
फोन नं.०६१-५३९८६७, ०६-१२२१४४८, मो. ९८४६१३७४९८

सागमा पदक विजेतालाई पोखरामा सम्मान

गोल्डेन न्युज संवाददाता
पोखरा ५ चैत्र ।

भारतमा हालै सम्पन्न दक्षिण एशियाली खेलकुद (साग)मा पदक विजेता खेलाडीलाई पोखरामा सम्मान गरिएको छ । कास्कीबाट विभिन्न खेलमा सहभागी भई पदक विजेता खेलाडीलाई पोखरा उप-महानगरपालिकाको सहयोग, क्षेत्रीय खेलकुद विकास समितिको संयोजन र कास्की जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको सम्मान कार्यक्रममा शुक्रवार पोखरामा सम्मान गरिएको हो ।

फुटबलमा पोखराबाट फुटबलमा मनबहादुर तामाङ र हेमन्त गुरुङ सदस्य रहेका थिए । फुटबलमा नेपाले स्वर्ण पदक जितेको थियो । त्यसैगरी उसुमा रजत पदक जित्न सफल भरना गुरुङ र महिला भलिबलमा कास्य पदक प्राप्त गर्न सफल मन्जु गुरुङ, अरुणा शाही र मनिषा चौधरीलाई पूर्व राष्ट्रिय वक्सिङ खेलाडी चित्रबहादुर गुरुङ, पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारी, क्षेत्रिय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल, जिल्ला अध्यक्ष यामबादुर गुरुङ लगायतले नगद १० हजार रुपैयाँ सहित सम्मानपत्र र दोसल्लाले सम्मान गर्नुभएको थियो । मन्जु, भरना र शाही कास्की वर्ष महिला खेलाडीबाट समेत सम्मानित भईसकेका छन् । कार्यक्रममा सागमा सहभागी उसुका प्रशिक्षक अरुण दत्त र भलिवल प्रशिक्षक कौशिला खरीलाई पनि नगद १० हजार रुपैयाँ सहित सम्मान गरियो ।

यसैबीच आगामी १८औं साग खेलकुद पोखरामा आयोजना गर्न पोखरेलीले माग गरेका छन् । सम्मान कार्यक्रमसँगै १३ औं साग पोखरामा गर्न आयोजा गरिएको अन्तर्क्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले पोखराले साग खेलकुद गर्न सक्षम रहेको दावी गरे । पोखरामा साग प्रतियोगिता गर्न सरकारलाई दबाव दिने निर्णय समेत कार्यक्रममा गरिएको छ । पोखरामा साक परराष्ट्रमन्त्रीहरुको बैठक सफलता पूर्वक सफल भएकाले साग खेल पोखरामे गर्न सक्ने आधार तयार भएको भन्दै त्यसका लागी पहल गर्ने खेलकुदकर्मी, नागरिक समाज, राजनीतिक पाटीले प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा बोर्दी सभापद सीता गिरी ओली पोखरामा साग खेलकुद प्रतियोगिता संचालनका लागी आफनो क्षेत्रबाट पहल गर्ने बताउदै पूर्व नभएपनि केही खेलकुदका इभेन्ट र उद्घाटन पोखरामा गर्न सकिने बताए ।

पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारीले साग खेलकुद प्रतियोगिताका लागि आवश्यक पहलकदमी गर्न तयार रहेको बताए । अन्तर्राष्ट्रिय वक्सिङ खेलाडि एवं पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष गणेशबहादुर भट्टराइले सरकारले अब विकेन्द्रकरणको अवधारणालाइ मुर्तरुप दिन सागका केही इभेन्ट र उद्घाटन पोखरामा गर्नुपर्नेमा जोड दिए । क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले पोखरा रगशालामा आवश्यक पूर्वाधार विकास भैरहेकाले दुई वर्षपछि हुने साग पोखरामा गर्न सकिने बताए । कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबादुर गुरुङको अध्यक्षतमा भएको कार्यक्रमको संचालन कार्यालय प्रमुख प्रकाश वरालले लगायतले गरेका थिए ।

मनकामना केबुलकार कपका लागि उपसमिति

गोल्डेन न्युज संवाददाता
पोखरा ५ चैत्र ।

कास्की जिल्ला फुटबल संघको आयोजनामा हुन लागेको मनकामना केबुलकार पोखरा कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताको तयारी तिब्र पारिएको छ । यसैक्रममा संघ कास्कीको शुक्रवार बसेको बैठकले प्रतियोगिता सम्पन्न गर्न विभिन्न उप-समितिहरु गठन गरेको छ । प्रतियोगिताको संरक्षकमा अखिल नेपाल फुटबल संघका केन्द्रिय उप-महासचिव गणेशबहादुर भट्टराईलाई चयन गरियो भने उप-संरक्षकमा संघका पूर्वाध्यक्ष खेमबहादुर गुरुङलाई चयन गरिएको छ । त्यसैगरि प्रतियोगिता संघका उपाध्यक्षद्वय मिलन गुरुङ र कुमार गुरुङलाई क्रमश : संयोजक र सह-संयोजकमा चयन गरिएको छ । आर्थिक समितिको संयोजकमा संघका सल्लाहकार सुनिल गुरुङ तथा सह-संयोजकमा शिव गुरुङ र ओम बस्नेत रहेका छन् । टिम व्यवस्थापक संयोजकमा धरमबहादुर लामिछाने र मिलन गुरुङ, मैदान व्यवस्थापनमा बसन्त थकाली र हरि खड्का, घरेलु टिम व्यवस्थापनमा हिटलर घले र आइनल गुरुङ, प्रायमिक उपचारमा डा. रविन्द्र श्रेष्ठ थकाली र मिलन केसी, स्वयं सेवक परिचालनमा इश्वर गुरुङ र सुरेश गुरुङ क्रमश संयोजक र सह-संयोजक रहेका छन् । कास्की जिल्ला फुटबल संघका अध्यक्ष धरमबहादुर लामिछानेको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको हो । प्रतियोगितामा दई विदेशी टोलीसहित नेपालका चर्चित ए डिभिजन क्लब, विभागीय र आयोजक गरि १२ टिमको सहभागिता रहने बताइएको छ ।

मैत्रीपूर्ण फुटसलको तयारीमा इक्यान कास्की

पोखरा ५ चैत्र ।

सार्ने खेल मैदानमा यरि खेलाडी भएपनि फुटबल खेल्न सकिने भएपछि पछिल्लो समय 'फुटसल' प्रति धेरै आकर्षित भएका छन् । 'फिटनेश' का लागि पनि फुटसल सहयोगी सिद्ध भएको छ । यहि सेसोमा नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीले पनि आफ्नो वार्षिक अतिरिक्त क्रियाकलाप अन्तरगत 'फुटसल' खेल्ने भएको छ । संस्थाका अतिरिक्त विभाग प्रमुख भुवन क्षेत्रीले इक्यान अन्तरगत रहेका सम्पूर्ण सदस्यहरु हरेक शुक्रवार 'फुटसल'मा सहभागी हुने जानकारी दिए । यो शुक्रवार देखि इक्यान सदस्यहर बीचपुर्ने म्याच आफ्नोले खरिय २४ जना सदस्य सहभागी भएका थिए । आगामी दिनमा इक्यान कास्कीमा रहेका ५० जना सदस्यहरु नै म्याचमा सहभागी हुने र त्यसको केहि समयपछि टुर्नामेन्ट पनि गरिने इक्यानका निवर्तमान अध्यक्ष महेश भण्डारीले बताए ।

पोखरा सार्वजनिक पुस्तकालयबाट आलेको बिदाई

गोल्डेन न्युज संवाददाता
पोखरा ५ चैत्र ।

पोखराको महेन्द्रपुलमा रहेको पोखरा सार्वजनिक पुस्तकालयमा सूचना अधिकृतको रुपमा कार्यरत श्याममोहन आलेलाई शुक्रवार विदाई गरिएको छ । उनी पोखराबाट काठमाडौं बसाई सर्ने भएपछि उनलाई विदाई गरिएको हो ।

पोखरामा पुस्तकालय व्यवस्थापन को विज्ञको रुपमा परिचित आलेले १२ वर्षदेखि उक्त पुस्तकालयमा काम गर्दै आएका थिए । त्यस अघि उनी पोखराको पृथ्वीनारायण बहुमुखी क्याम्पसमा रहेको क्षेत्रीय पुस्तकालयमा कार्यरत थिए । १२ वर्ष अघि सन् २००४ मा अमेरिकी दूतावासले आफ्ना विभिन्न गतिविधिहरु पोखरा क्षेत्रमा संचालन गर्नका लागि पोखरा सार्वजनिक पुस्तकालयलाई अमेरिकी कर्नरको रुपमा संचालन गर्दै आएको छ । हाल पुस्तकालयमा अमेरिकासंग सम्बन्धित विभिन्न सूचना र जानकारीहरु श्रव्यदृश्य माध्यममा समेत पाउन सकिन्छ । यसका साथै पुस्तकालयमा १२ हजार ५ सय बढी विभिन्न पुस्तक र ५४ भन्दा बढी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरु उपलब्ध छन् । पुस्तकालयमा विशेषगरि साहित्य, शिक्षा, विज्ञान, धर्म संस्कृति, राजनीति र व्यवस्थापन लगायत विभिन्न विधाका पुस्तक र पत्रपत्रिकाहरु अध्ययन गर्न पाठकहरु आउने गरेका छन् ।

पुस्तकालयका लाइब्रेरियन रामचन्द्र कार्कीका अनुसार उक्त पुस्तकालयमा दैनिक २ सय बढी पाठकहरु पुस्तक र पत्रपत्रिका अध्ययन गर्न आउने गरेका छन् । पुस्तकालय संचालक समितिका सदस्य शिरोमणि बरालले गोल्डेन न्युज दैनिकसंग कुरा गर्दै पुस्तकालयलाई पश्चिमाञ्चल क्षेत्रकै नमूना पुस्तकालय बनाउनका लागि गुरुयोजना तयार गर्न संचालक समिति लागिरहेको बताए ।

शुक्रवार अमेरिकी कर्नरको १८औं स्थापना दिवसको अवसर पारेर सूचना अधिकृत आलेको विदाई गरिएको हो । कार्यक्रममा पुस्तकालयका अध्यक्ष डा. विश्व श्रेष्ठले पोखरा क्षेत्रमा विभिन्न सूचना र जानकारी संग्रह गरिएको महत्वपूर्ण पुस्तकालय भएपनि राज्य र स्थानीय निकायबाट अपेक्षा गरेअनुरुप सहयोग नपाएको गुनासो गरे । पुस्तकालयका पूर्व अध्यक्ष विश्वरत्न शाक्यले पोखरेली पाठकलाई अमेरिका लगायत विभिन्न मुलुककी शैक्षिक एवं अन्य आवश्यक जानकारी प्रदान गर्न पुस्तकालय सफल भएको बताए ।

कार्यक्रममा पुस्तकालयका सदस्य सचिव अर्जुन श्रेष्ठले सूचना अधिकृत आलेले पुस्तकालयको विकासमा पुऱ्याएको योगदान र पुस्तकालयका गतिविधिका बारेमा जानकारी गराएका थिए । कार्यक्रम पुस्तकालयका सह-सचिव सूर्य क्षेत्रीले पनि बोलेका थिए ।

अन्नपूर्ण लायन्सको अध्यक्षमा प्रजू

गोल्डेन न्युज संवाददाता
पोखरा ५ चैत्र ।

लायन्स क्लब अफ पोखरा अन्नपूर्णको शुक्रवार सम्पन्न अधिवेशनले आगामी वर्ष २०१६/०१७ का लागि नयाँ कार्यसमिति चयन गरेको छ । नयाँ कार्यसमितिको अध्यक्षमा रविन्द्रमान प्रजू, प्रथम उपाध्यक्षमा अर्जुन पोखरेल, द्वितीय उपाध्यक्षमा अमृत लालचन, तृतीय उपाध्यक्षमा दिनेश तुलाचन, सचिवमा सूर्य बराल र कोषाध्यक्षमा प्रदीप राजभण्डारी रहेका छन् ।

यसैगरी सह-सचिवमा दुर्गा जोशिज्, सह-कोषाध्यक्षमा जगदीश पाण्डे, टेमरमा विजय पाडेल, टेलट्वीस्टरमा ओमप्रसाद सुवेदी र सदस्यता निर्देशकमा विष्णुकुमार गुरुङ रहेको लायन्स सेवा केन्द्र पोखराका कार्यालय प्रमुख श्याम प्रसाद सांखीले गोल्डेन न्युज दैनिकलाई बताए । मुख्य निर्वाचन अायुक्त यदुनाथ अधिकारी रहेको समितिले अधिवेशन सम्पन्न गरेको हो । अधिवेशनका अवसरमा नवनिर्वाचित अध्यक्ष रविन्द्रमान प्रजू र पूर्व अध्यक्षद्वय कृष्णराज भण्डारी र ध्रुव श्रेष्ठले पोखराका लायन्स क्लबहरुमध्ये अग्रणी स्थानमा रहेको अन्नपूर्ण लायन्सले सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान दिएकै बताएका थिए ।

उपराष्ट्रपति पुन लेखनाथमा

विष्णुहरि पौडेल
पोखरा ५ चैत्र ।

उपराष्ट्रपति नन्दकिशोर पुन शुक्रवार लेखनाथ २ रिट्ठेपानी आइपुगेका छन् । पोखरा रंगशालमा आयोजित पोर्क फेष्टिवलको उद्घाटन पश्चात् लेखनाथ २ रिट्ठेपानीमा रहेको पोखरा लाइभ स्टक प्रालीको फर्म अवलोकनका लागि उनी रिट्ठेपानी पुगेका हुन् । लाइभ स्टक अवलोकनका क्रममा पुनले व्यवसायीक रुपले मासुमा शुद्धता दिँदै फर्मलाई व्यवस्थित बनाउन सकेकोमा सञ्चालकको प्रशंसा गरेका थिए ।

उक्त अवसरमा पाखरा लाईभ स्टक प्रालिका सञ्चालक क्षम बहादुर थापाले फर्मका गतिविधि बारे प्रकाश पारेका थिए । उपराष्ट्रपति रिट्ठेपानी आउने भएपछि शुरुमा चकित भएका स्थानीयले तुरुन्त समाजसेवीहरु सु. जगबहादुर गुरुङ र ल्याप्टेन धन बहादुर गुरुङको सकियतामा रिट्ठेपानीमा रहेका आमा समूह भूपू सैनिक क्लब तथा युवा क्लबले संयुक्त रुपमा स्वागत कार्यक्रमको आयोजना गरेका थिए । उपराष्ट्रपति पुनसहितको टोलीले लाईभ स्टक अवलोकन पश्चात स्थानीयको स्वागत ग्रहण गरेको थियो ।

वि.सं.२०६२ सालमा स्थापित लाइभ स्टक प्रालिले गुणस्तरीय मासु बिक्रीवितरण गर्नुका साथै वार्षिक रुपमा २ हजार ५ सय बगुरका पाठापाठी उत्पादन समेत गर्दै आएको छ । हाल फर्ममा १९ कर्मचारी कार्यरत रहेका छन् ।

तु-अवश्यकता

पोखराको चिल्हेड्डास्थित पोखरा ट्रेडमलमा रहेको मिसा कोरियन पसलका लागि ५ जना महिला कर्मचारी आवश्यक परेको हुनाले कम्प्युटर र कोरियन ल्याङ्ग्वेज जानेका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

तलब : आपसी समझदारीमा (आकर्षक)

मिसा कोरियन पसल, पोखरा ट्रेडमल, चिल्हेड्डा
फोन : ०६१-४१७००६, ४८३४१६३६६२

सञ्चारकर्मीको निःशुल्क दन्त परीक्षण हुने

पोखरा ५ चैत्र ।

विश्व मुख स्वास्थ्य दिवसको उपलक्ष्यमा कान्तिपुर डेण्टल हस्पिटलले पोखरेली सञ्चारकर्मीहरु लाई निःशुल्क मुख स्वास्थ्य जाँच सेवा प्रदान गर्ने जनाएको छ । हरेक वर्षको मार्च २० तारिखमा विश्व मुख स्वास्थ्य दिवस मनाइदै आए अनुरुप विभिन्न कार्यक्रहरु सञ्चालन गर्दै आएको कान्तिपुर डेण्टल कलेज पोखराले यस वर्ष भने सञ्चारकर्मीहरुको मुख स्वास्थ्य जाँच निःशुल्क गर्न लागिएको कलेजकी प्रशासकीय अधिकृत सिता श्रेष्ठले बताइन् । आइतबार कान्तिपुर डेण्टल हस्पिटल न्यूरोड प्राङ्गणमा उपस्थित भएर सेवा लिन सकिने बताइएको छ । उक्त दिन तारं बान्ने बाईकका अन्य उपचारमा ५० प्रतिशत छुट गरिने छ भने मेसिनबाट दात सफा गर्न कुनै शुल्क नलाग्ने डेण्टल कलेजले जनाएको छ । रोग लागेपछि उपचार गर्नु भन्दा रोग लाग्नै नदिने तर्फ सचेत रहन र बेला बेलामा दन्त परीक्षण गर्न चिकित्सकहरुले सुझाउँदै आएका छनी सामाजिक उत्तरदायित्व वहन गर्ने सिलसिलामा कलेजले विभिन्न स्कूल र गाउँ तथा सहरका विभिन्न स्थानहरुमा मुख स्वास्थ्य सम्बन्धी जनचेतना र निःशुल्क परिक्षण तथा उपचार प्रदान गर्दै आएको र दुर्गमका गरिब तथा विपन्न नागरिकहरुको मुख स्वास्थ्य सम्बन्धी सेवा तथा सचेतनाका लागि कम्युनिटी रिसर्च एण्ड डेभलपमेण्ट फन्ड स्थापना गरेर क्षेत्र भर आफनो सेवालाई प्रभाव गर्ने अभियान चलाएको कलेजका अध्यक्ष बुद्धिमान श्रेष्ठले बताए ।

मुटुरोगीहरूलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी दुगडाद्वारा उच्च रक्तचाप, मुटु हलिनु, स्वां स्वां हुनु, छाति दुख्ने, भारी हुने एन्जियोग्राम गरेको विरामीहरु र एन्जियो पनाइ गरेका विरामीहरुलाई निम्न मिति, समय र स्थानमा स्वास्थ्य परीक्षण हुने भएकोले सम्पूर्ण मुटुरोगीहरुलाई लाभ लिनहुन अनुरोध गरिन्छ। साथै, ECG र ECO को पनि व्यवस्था छ।
पर्चा तथा पुराना रोगीहरुले आफ्ना पुराना सम्पूर्ण रिपोर्टहरुसहित आउनुहोला।
स्थान : अन्नपूर्णी कार्डियाली
-पाल्पा हस्पिटलको सहयोगमा परिचालनमा ईन्टरनल मेडिसिनको-
मिति : २०७२ चैत्र ६ गते, शनिवार
समय : बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म
सम्पर्क :
०६१ ५३८८४४ ९८५६०३४४४८ ९८४६०३४८९१

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अंगधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता मुरुङ
कार्यालय : चिल्हेड्डा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्हेड्डा, पोखरा